नेपाल सरकार
# चिकित्सा शिक्षा आयोग
(परीक्षा निर्देशनालय)

☎ ०१-६६३९४१४, ६६३९४१५, ६६३९४१६
एक्स्टेन्सन : ३३, ३४, ३५
वेबसाइट : www.mec.gov.np
इमेल: entrance@mec.gov.np
सानोठिमी, भक्तपुर ।

पत्र संख्या :-
चलानी नं. :-

मिति :- २०७९/०९/१८

## चिकित्सा शिक्षा स्नातक तह (Bachelor Level in Health Professional Education) का शैक्षिक कार्यक्रमहरूमा भर्नाका लागि लिइने एकीकृत प्रवेश परीक्षाको अनलाइन आवेदन फाराम भर्नेसम्बन्धी सूचना

यस शैक्षिक सत्रका लागि सम्पूर्ण विश्वविद्यालय, प्रतिष्ठान र अन्तर्गतका शिक्षण संस्थाहरूमा सञ्चालन हुने चिकित्सा शिक्षा स्नातक तह अन्तर्गतका देहाय अनुसारका शैक्षिक कार्यक्रमहरूमा विद्यार्थी भर्नाका लागि लिइने एकीकृत प्रवेश परीक्षा (Medical Education Common Entrance Examination for Bachelor Level Programs; MECEE-BL 2023) का योग्यता पुगेका इच्छुक उम्मेदवारहरूलाई आयोगको वेबसाइट www.mec.gov.np वा वेबपोर्टल https://entrance.mec.gov.np मार्फत २०७९ पुस २४ गते आइतबार विहान १०:०० बजेदेखि २०७९ माघ २४ गते अपरान्ह ५:०० बजेसम्म देहायको प्रक्रिया पुरा गरी अनलाइन आवेदन पेश (online application form submission) गर्नका लागि आह्वान गरिएको छ ।

१. <u>एकीकृत प्रवेश परीक्षा सञ्चालन हुने कार्यक्रमहरूको विवरण</u> :-

| S.N. | शैक्षिक कार्यक्रमहरू | परीक्षा हुने मिति | परीक्षा सञ्चालन हुने समय |
|---|---|---|---|
| १. | MBBS | २०७९/११/२४ | ११:०० बजेदेखि २:०० बजेसम्म |
| २. | BDS | २०७९/११/२५ | ११:०० बजेदेखि २:०० बजेसम्म |
| ३. | BSc Nursing, BASLP, B Perfusion Technology | २०७९/११/२६ | ११:०० बजेदेखि २:०० बजेसम्म |
| ४. | BAMS, BNS, BSc MLT, BSc MIT, B Pharm, B Optometry, BPT | २०७९/११/२७ | ११:०० बजेदेखि २:०० बजेसम्म |
| ५. | BPH | २०७९/११/२८ | ११:०० बजेदेखि २:०० बजेसम्म |

(क) प्रत्येक शैक्षिक कार्यक्रमका लागि छुट्टाछुट्टै बैङ्क भौचर र आवेदन फाराम भर्नुपर्नेछ ।

(ख) पूर्णाङ्क २०० र समयावधी तीन घण्टाको हुनेछ ।

(ग) एकभन्दा बढी कार्यक्रमका लागि आवेदन दिने उम्मेदवारहरूले परीक्षा तालिकाबमोजिम एकैसमयमा परीक्षा नजुध्ने गरी आवेदन दिन सक्नेछन् ।

☎ ०१-६६३९४१४, ६६३९४१५, ६६३९४१६
एक्स्टेन्सन : ३३, ३४, ३५
वेबसाइट : www.mec.gov.np
इमेल: entrance@mec.gov.np
पत्र संख्या :-
चलानी नं. :-

(घ) प्रत्येक शैक्षिक कार्यक्रमका लागि छुट्टाछुट्टै योग्यताक्रम र म्याचिङ गरिनेछ तर कुनै उम्मेदवार कुनै एक शैक्षिक कार्यक्रममा म्याच भई भर्ना भइसके पश्चात् अन्य सबै कार्यक्रमको योग्यताक्रमको सूचीबाट हट्नेछन्।

२. <u>अनलाइन आवेदन फाराम पेश गर्नेसम्बन्धी विवरणहरू</u> :-

| | |
|---|---|
| आवेदन शुल्क | नेपाली आवेदकका लागि रु. ४,०००/-<br>विदेशी आवेदकका लागि रु. ८,०००/- |
| शुल्क दाखिला गर्ने बैङ्क | **हिमालयन बैङ्क लिमिटेड** |
| खाता नम्बर | चल्ती हिसाब नम्बर ०४३०८९३१६७००१७<br>(04308931670017) SWIFT CODE: HIMANPKA |
| शुल्क जम्मा गर्न सकिने सेवा प्रदायकहरू | हिमालयन बैङ्कका शाखाहरू, मोबाइल बैङ्किङ ConnectIPS, eSewa र Khalti |
| खातावालाको नाम | चिकित्सा शिक्षा आयोग, सानोठिमी, भक्तपुर |
| बैङ्क दाखिला गर्ने शुरु मिति | २०७९ पुस २४ गते बिहान १०:०० बजेदेखि |
| **बैङ्क दाखिला गर्ने अन्तिम मिति** | **२०७९ माघ २२ गते अपरान्ह ५:०० बजेसम्म** |
| फाराम पेश गर्ने अन्तिम मिति | २०७९ माघ २४ गते अपरान्ह ५:०० बजेसम्म |

**नोट** :- अनलाइन फाराम पेश (submit) गर्नुअघि सच्याउने (edit) तथा (save) गर्ने प्रावधानहरू राखिएका छन् । तर फाराम पेश (submit) गरिसकेपछि कुनै विवरण गलत हुन गएमा फाराम भर्न तोकिएको समयावधिभित्र नै पुनः अर्को भौचर मार्फत आवेदन शुल्क बैङ्क दाखिला गरी वा डिजिटल प्रणाली मार्फत बुझाई नयाँ अनलाइन आवेदन फाराम भरी पेश गर्नु पर्नेछ । बैङ्क दाखिला भइसकेको रकम फिर्ता हुने छैन ।

(२) विदेशी विद्यार्थीका लागि छुट्याइएको सिटमा अध्ययन गर्न इच्छुक विदेशी उम्मेदवारहरूले समेत यसै सूचनामा उल्लिखित समयसिमा भित्र आफूले रोजेको शैक्षिक कार्यक्रम उल्लेख गरी अनलाइन आवेदन फाराम अनिवार्य रूपले भर्नु पर्नेछ । फाराम भर्दा निम्नानुसारका **दुईमध्ये कुनै एकमात्र विकल्प** रोजी आवेदन दिन पाइने छ ।

(क) आयोगद्वारा सञ्चालित प्रवेश परीक्षामा सहभागी हुने ।

नेपाल सरकार
चिकित्सा शिक्षा आयोग
(परीक्षा निर्देशनालय)
☎ ०१-६६३९४१४, ६६३९४१५, ६६३९४१६
एक्स्टेन्सन : ३३, ३४, ३५
वेबसाइट : www.mec.gov.np
इमेल: entrance@mec.gov.np
सानोठिमी, भक्तपुर ।
पत्र संख्या :-
चलानी नं. :-

(ख) आयोगद्वारा सञ्चालित प्रवेश परीक्षामा सहभागी नभई सम्बन्धित राष्ट्रको राष्ट्रिय स्तरको एकीकृत प्रवेश परीक्षामा सहभागी भई बुँदा (३) अनुसारको शर्त पूरा गर्ने ।

(३) विदेशी विद्यार्थीका लागि छुट्याइएको सिटमा भर्नाका लागि पहिलो प्राथमिकता आयोगबाट सञ्चालित प्रवेश परीक्षामा सहभागी भई सो परीक्षाबाट निर्धारित विदेशी समूह (foreign category) को योग्यताक्रम अनुसार हुनेछ ।

(४) बुँदा (२) अनुसारको सिट रिक्त हुन आएमा दोस्रो प्राथमिकतामा रहन मञ्जुर गरी प्रवेश परीक्षामा सहभागी नहुने तर सम्बन्धित राष्ट्रको राष्ट्रिय स्तरको एकीकृत प्रवेश परीक्षाको प्राप्ताङ्कको आधारमा भर्ना हुनका लागि तोकिएकै समयावधिभित्र परीक्षा दस्तुर सहित आवेदन गरेका परीक्षार्थीहरूको योग्यताक्रम अनुसार भर्ना गरिनेछ । यस बुँदा बमोजिम योग्यताक्रम निर्धारण गर्ने प्रयोजनका लागि विदेशी उम्मेदवारले सम्बन्धित राष्ट्रको एकीकृत प्रवेश परीक्षाको नतिजामा न्युनतम ५० औं पर्सेन्टाइल वा नतिजा प्रतिशत प्रणालीमा रहेको भएमा ५० प्रतिशत अङ्क प्राप्त गरेको प्रमाणपत्र दरखास्त पेश गर्दा अनिवार्य अपलोड गरेको हुनुपर्नेछ ।

३. <u>विभिन्न कार्यक्रममा आवेदन दिन आवश्यक न्युनतम योग्यता</u> :-

(१) **MBBS, BDS, BSc Nursing, BASLP, B Perfusion Technology** का लागि :- मान्यता प्राप्त शिक्षण संस्थाबाट फिजिक्स, केमेस्ट्री र बायोलोजी विषय अध्ययन गरी प्रवीणता प्रमाणपत्र तह अथवा कक्षा १२ विज्ञान समूहमा समग्रमा न्यूनतम ५० प्रतिशत वा २.४ सिजिपिए (CGPA) ल्याई उत्तीर्ण गरेको हुनुपर्नेछ ।

अथवा

ए-लेभल वा सो सरहका फरक ग्रेडिङ प्रणाली भएका अन्य कार्यक्रमहरूमा पनि फिजिक्स, केमेस्ट्री र बायोलोजी विषय अध्ययन गरी समग्रमा न्यूनतम ५० प्रतिशत वा २.४ सिजिपिए (CGPA) ल्याई उत्तीर्ण गरेको हुनुपर्नेछ ।

अथवा

स्वास्थ्य विज्ञानसम्बन्धी प्रविणता प्रमाणपत्र वा डिप्लोमा (जनरल मेडिसिन वा मेडिकल ल्याव टेक्नोलोजी वा अप्थाल्मिक विज्ञान वा डेन्टल विज्ञान वा फार्मेसी वा रेडियोग्राफी वा आयुर्वेद वा फिजियोथेरापी) मा समग्रमा न्यूनतम ५० प्रतिशत अङ्क प्राप्त गरी उत्तीर्ण भएको र फिजिक्स, केमेस्ट्री तथा बायोलोजी विषय अध्ययन गरी राष्ट्रिय परीक्षा बोर्डबाट

☎ ०१-६६३९४१४
६६३९४१५
६६३९४१६
एक्स्टेन्सन : ३३, ३४, ३५
वेबसाइट : www.mec.gov.np
इमेल: entrance@mec.gov.np



नेपाल सरकार चिकित्सा शिक्षा आयोग सानोठिमी, भक्तपुर

समग्रमा न्यूनतम ५० प्रतिशत वा २.४ सिजिपिए (CGPA) अङ्क ल्याई कक्षा १२ विज्ञान समूहको समकक्षता प्राप्त गरेको र सम्बन्धित काउन्सिलमा नाम दर्ता भएको हुनुपर्नेछ ।

(२) **BAMS, BSc MLT, BSc MIT, BPT, B Pharm, B Optometry** का लागि :- मान्यता प्राप्त शिक्षण संस्थाबाट फिजिक्स, केमेस्ट्री र बायोलोजी विषय अध्ययन गरी प्रवीणता प्रमाणपत्र तह अथवा कक्षा १२ विज्ञान समूहमा समग्रमा न्यूनतम ५० प्रतिशत वा २.४ सिजिपिए (CGPA) ल्याई उत्तीर्ण गरेको हुनुपर्नेछ ।

अथवा

ए-लेभल वा सो सरहका फरक ग्रेडिङ प्रणाली भएका अन्य कार्यक्रमहरूमा पनि फिजिक्स, केमेस्ट्री र बायोलोजी विषय अध्ययन गरी समग्रमा न्यूनतम ५० प्रतिशत वा २.४ सिजिपिए (CGPA) ल्याई उत्तीर्ण गरेको हुनुपर्ने छ ।

अथवा

स्वास्थ्य विज्ञानसम्बन्धी प्रविणता प्रमाणपत्र तह/डिप्लोमा (आयुर्वेद वा मेडिकल ल्याव टेक्नोलोजी वा रेडियोग्राफी वा फिजियोथेरापी वा फार्मेसी वा अप्थाल्मिक विज्ञान) विषयमा समग्रमा न्यूनतम ५० प्रतिशत ल्याई उत्तीर्ण भएको (सम्बन्धित शैक्षिक कार्यक्रममा आवेदन दिनका लागि जस्तै CMLT बाट BSc MLT, Diploma in Pharmacy बाट B Pharm)

अथवा

स्वास्थ्य विज्ञानसम्बन्धी प्रविणता प्रमाणपत्र/डिप्लोमा (मेडिकल ल्याब टेक्नोलोजी वा अप्थाल्मिक विज्ञान वा डेन्टल विज्ञान वा फार्मेसी वा रेडियोग्राफी वा आयुर्वेद वा फिजियोथेरापी) मा समग्रमा न्यूनतम ५० प्रतिशत अङ्क प्राप्त गरी उत्तीर्ण भएको र फिजिक्स, केमेस्ट्री तथा बायोलोजी विषय अध्ययन गरी राष्ट्रिय परीक्षा बोर्डबाट समग्रमा न्यूनतम ५० प्रतिशत वा २.४ सिजिपिए (CGPA) अङ्क ल्याई कक्षा १२ विज्ञान समूहको समकक्षता प्राप्त गरेको र सम्बन्धित काउन्सिलमा नाम दर्ता भएको हुनुपर्नेछ ।

(३) **BPH (Bachelor in Public Health)** का लागि :- मान्यता प्राप्त शिक्षण संस्थाबाट फिजिक्स, केमेस्ट्री र बायोलोजी विषय अध्ययन गरी प्रवीणता प्रमाणपत्र तह अथवा कक्षा १२ विज्ञान समूहमा समग्रमा न्यूनतम ५० प्रतिशत वा २.४ सिजिपिए (CGPA) ल्याई उत्तीर्ण गरेको हुनु पर्नेछ ।

अथवा

ए-लेभल वा सो सरहका फरक ग्रेडिङ प्रणाली भएका अन्य कार्यक्रमहरूमा पनि फिजिक्स, केमेस्ट्री र बायोलोजी विषय अध्ययन गरी समग्रमा न्यूनतम ५० प्रतिशत वा २.४ सिजिपिए (CGPA) ल्याई उत्तीर्ण गरेको हुनु पर्नेछ ।

अथवा

स्वास्थ्य विज्ञानसम्बन्धी प्रविणता प्रमाणपत्र तह वा डिप्लोमा (जनरल मेडिसिन वा मेडिकल ल्याब टेक्नोलोजी वा अप्थाल्मिक विज्ञान वा डेन्टल विज्ञान वा फार्मेसी वा रेडियोग्राफी वा आयुर्वेद वा फिजियोथेरापी) विषयमा समग्रमा न्यूनतम ५० प्रतिशत अङ्क प्राप्त गरेको साथै सम्बन्धित काउन्सिलमा नाम दर्ता भएको हुनुपर्ने छ ।

(४) **BNS (Bachelor in Nursing Science)** का लागि :- नर्सिङ विषयमा प्रविणता प्रमाणपत्र तह/डिप्लोमा तहमा न्यूनतम ५० प्रतिशत वा २.४ सिजिपिए (CGPA) अङ्क ल्याई उत्तीर्ण गरेको र नेपाल नर्सिङ काउन्सिलमा नाम दर्ता भएको हुनुपर्ने छ ।

४. <u>प्रवेश परीक्षाको उत्तीर्णाङ्कसम्बन्धी व्यवस्था</u> :-

(१) एकीकृत प्रवेश परीक्षा उत्तीर्ण हुनका लागि न्यूनतम ५० औं पर्सेन्टाइल वा सोभन्दा माथि रहेको हुनुपर्ने छ ।

(२) प्रत्येक सही उत्तरका लागि एक अङ्क प्राप्त हुने छ र प्रत्येक गलत उत्तरका लागि ०.२५ का दरले अङ्क घटाइने छ ।

(३) बुँदा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि उपलब्ध सिट सङ्ख्याको दोब्बरभन्दा कम परीक्षार्थी उपस्थित हुने अवस्थामा उक्त शैक्षिक कार्यक्रमका लागि ५० प्रतिशत वा सोभन्दा बढी अङ्क प्राप्त गर्ने उम्मेदवारलाई योग्यताक्रममा सामेल गर्न बाधा पर्ने छैन ।

५. <u>अनलाइन आवेदन फाराम पेशगर्ने विधि तथा निर्देशनहरू</u> :-

(१) तोकिएको समयावधीभित्र आफूलाई पायक पर्ने हिमालयन बैङ्कको कुनैपनि शाखामा चल्ति खाता नम्बर ०४३०८९३१६७००१७ (04308931670017) Swift Code: HIMANPKA मा आवेदन शुल्क बापतको रकम भौचर मार्फत नगद जम्मा गर्न वा मोबाइल बैङ्किङ ConnectIPS, eSewa र Khalti को माध्यमबाट समेत बुझाउन सकिनेछ । आवेदन शुल्क बुझाउँदा अनिवार्य रूपमा कारोबार नम्बर (transaction number) तथा फाराम भर्न प्रयोग हुने उम्मेदवार स्वयमको मोबाइल नम्बर प्रष्ट उल्लेख भएको हुनुपर्नेछ ।

☎ ०१-६६३९४१४
६६३९४१५
६६३९४१६
एक्स्टेन्सन : ३३, ३४, ३५
वेबसाइट : www.mec.gov.np
इमेल: entrance@mec.gov.np
सानोठिमी, भक्तपुर ।


(२) अनलाइन फाराम भर्न चाहिने आवश्यक कुराहरू :-

(क) भौचरको कारोबार नम्बर (transaction number - TTID) को अन्तिम छ डिजिट (last six digits) ।

(ख) प्रवेश परीक्षाका लागि आवेदन शुल्क तिरेको बैङ्क भौचरको स्क्यान प्रति वा फोटो (भौचर दाखिला मिति लेख्दा विक्रम सम्वतमा उल्लेख गरेको हुनुपर्नेछ) ।

(ग) उम्मेदवारको हालसालै खिचिएको पासपोर्ट साइजको फोटोको डिजिटलप्रति ।

(घ) नेपाली परीक्षार्थीको हकमा अनिवार्यरूपमा **राष्ट्रिय परिचयपत्र नम्बर** र नागरिकताको प्रमाणपत्र तथा विदेशी परीक्षार्थीको हकमा पासपोर्ट वा आधार कार्डको स्क्यानप्रति वा फोटो ।

(ङ) डिप्लोमा वा प्रवीणता प्रमाणपत्र तह वा कक्षा १२ को विज्ञान समूह वा सो सरहको ट्रान्सक्रिप्ट तथा समकक्षताको प्रमाणपत्रको स्क्यानप्रति वा फोटो ।

(च) लाइसेन्स आवश्यक पर्ने विषयको हकमा सम्बन्धित काउन्सिलबाट जारी गरिएको लाइसेन्सको स्क्यानप्रति वा फोटो ।

(छ) छात्रवृत्ति प्रयोजनका लागि तोकिएको आरक्षित समूहमा समेत फाराम भर्नेको हकमा तोकिएको निकायबाट प्रमाणित गरेको प्रमाणपत्रको स्क्यानप्रति वा फोटो ।

(३) पेश गरेका विवरणहरू झुठो ठहरेमा त्यस्ता उम्मेदवारहरूको आवेदन फाराम रद्द गरिनेछ । झुठा विवरण पेश गरी परीक्षामा सम्मिलित भै भर्ना गरेको अवस्थामा समेत भर्ना रद्द गरी शैक्षिक कार्यक्रमबाट निष्काशन गरिनेछ । त्यस्ता उम्मेदवारहरूलाई प्रचलित ऐन कानून अनुसारको कार्यवाही समेत हुनेछ ।

(४) अनलाइन फाराम भर्नका लागि बैङ्कसँग सम्बन्धित विवरणहरू भर्नुपर्नेछ र सो विवरणहरू मिलेमा मात्र मुख्य फाराम खुल्नेछ । अनलाइन फाराम र बैङ्क भौचरमा परीक्षार्थी स्वयमको एउटै मोबाइल नम्बर उल्लेख गरेको हुनुपर्नेछ । एकभन्दा बढी शैक्षिक कार्यक्रमका लागि आवेदन फाराम भर्ने उम्मेदवारहरूले सबै कार्यक्रमहरूमा उही व्यक्तिगत विवरण, हस्ताक्षर, मोबाइल नम्बर र फोटो पेश गर्नु पर्नेछ ।

(५) बैङ्कसँग सम्बन्धित विवरणहरू रुजू भएपछि अनलाइन फारामको मुख्य पेज खुल्नेछ । यो पेजमा आफूसँग सम्बन्धित विवरणहरू माग गरिए अनुसार भर्नुपर्नेछ । यो पेजमा फारामको सबैभन्दा माथि देखिएको कारोबार नम्बर (Transaction Number) सँग आफ्नो बैङ्क भौचरको कारोबार नम्बर मिलेको छ/छैन र सो नम्बर मिलेमा त्यसपछि माग

☎ ०१-६६३९४१४
६६३९४१५
६६३९४१६
एक्स्टेन्सन : ३३, ३४, ३५
वेबसाइट : www.mec.gov.np
इमेल: entrance@mec.gov.np
सानोठिमी, भक्तपुर ।

पत्र संख्या :-
चलानी नं. :-

गरिएका कागजात (document) हरू अपलोड गरी सही रूपमा विवरणहरू भर्नुपर्ने छ । माग गरिएका सबै विवरणहरू भरे पश्चात स्वघोषणा (self-declaration statement) स्वीकार (accept) गर्नु पर्नेछ । सो नगर्दासम्म फाराम सुरक्षित (save) गर्न सकिनेछैन । फाराम सुरक्षित (save) गर्दा त्रुटि हुन आएमा, केही विवरणहरू भर्न छुटेको वा मागे अनुसारको विवरण नभएका ठाउँहरूमा रातो अक्षरले दर्शाएको हुन्छ । सो विवरणहरू सच्याई वा खुलाई माथिबाट पुनः सम्पूर्ण विवरणहरू रुजू गरी ध्यानपूर्वक फाराम भर्नुपर्नेछ ।

(६) आफ्ना सबै विवरणहरू भरिसकेर सुरक्षित (save) गरे पश्चात अर्को पेजमा परीक्षार्थीले भरेको एकमुष्ठ विवरण देखिनेछ । माथिबाट सम्पूर्ण विवरण सही भए/नभएको पुनः जाँच गरी सही नभएमा पेजको तल दिइएको संशोधन गर्ने बटन (**Edit** button) मा क्लिक (click) गरी सच्याउन सकिनेछ । आफूले भरेको विवरण ठीक भएमा पेश गर्ने बटन (**Submit** button) मा क्लिक गर्ने र सो बटन (button) क्लिक गरे पश्चात सुनिश्चित गर्ने बक्स (confirmation box) आउँछ र आफूले भरेको विवरण पुनः रुजूगरी सही भएमा ठीक बटन (**OK** button) मा क्लिक गर्नुपर्नेछ ।

(७) **ठीक बटन (OK button) मा क्लिक गरिसकेर फाराम अनलाइन पेश (form submit) भएपश्चात कुनै पनि विवरण सच्याउन सकिने छैन ।**

(८) फोटो तथा अन्य आवश्यक कागजात (document) अपलोड (upload) गर्ने सम्बन्धमा :

**<u>फोटो (photo)</u>**

- (क) **Image file format:** The image must be in the Joint Photographic Experts Group (JPEG) format with good quality.
- (ख) **Image file size:** The maximum image file size is 200 kilobytes.
- (ग) **Image resolution:** Image **<u>should not</u>** be crispy or blurry.

**<u>प्रमाणपत्र (certificates) वा अन्य कागजात (document)</u>**

- (क) **File format:** JPEG वा PDG.
- (ख) **Image file size:** The maximum image file size is 500 kb (kilobytes).
- (ग) **Image resolution:** Image **<u>should not</u>** be crispy or blurry.

(९) आवेदन फाराम अनलाइन पेश (form submit) भए पश्चात् सुनिश्चित गर्ने पेज (confirmation page) देखिनेछ जसलाई छाप्न (print) तथा डाउनलोड (download) गर्न सकिनेछ ।

**(नोट :- सुनिश्चित गर्ने पेज (confirmation page) भनेको परीक्षा प्रवेशपत्र (admit card) नभै अनलाइन फाराम (online form) भरेको प्रमाण मात्र हो ।)**

☎ ०१-६६३९४१४
६६३९४१५
६६३९४१६
एक्स्टेन्सन : ३३, ३४, ३५
वेबसाइट : www.mec.gov.np
इमेल: entrance@mec.gov.np
सानोठिमी, भक्तपुर ।

पत्र संख्या :-
चलानी नं. :-

६. छात्रवृत्तिमा छनोटसम्बन्धी व्यवस्था :-

(१) राष्ट्रिय चिकित्सा शिक्षा नियमावली, २०७७ (संशोधनसहित) को नियम २० बमोजिम नेपाल सरकारलाई स्नातक तहका लागि प्राप्त हुने कुल छात्रवृत्ति सिटमध्ये पचपन्न प्रतिशत सिट खुला प्रतियोगिताबाट कायम भएको योग्यताक्रमबाट र पैंतालीस प्रतिशत सिट देहायको प्रतिशतका आधारमा आरक्षित छात्रवृत्ति सिट वितरण गरिनेछ :-

(क) महिला - तेत्तीस प्रतिशत
(ख) दलित - नौ प्रतिशत
(ग) आदिवासी जनजाति - पन्ध्र प्रतिशत
(घ) खस आर्य - सत्र प्रतिशत
(ङ) मधेशी - बाह्र प्रतिशत
(च) थारू - चार प्रतिशत
(छ) मुस्लिम - दुई प्रतिशत
(ज) पिछडिएको क्षेत्रका व्यक्ति - चार प्रतिशत
(झ) अपाङ्गता भएको व्यक्ति - दुई प्रतिशत
(ञ) शहिदका परिवार, बेपत्ता पारिएका व्यक्तिका परिवार, घाइते योद्धाहरूको परिवार र द्वन्द्व पीडित - दुई प्रतिशत

(२) आरक्षण गरिएको सिटमा सामुदायिक विद्यालयबाट कक्षा छदेखि माध्यमिक तहको कक्षा दशको अन्त्यमा हुने परीक्षा (SEE) उत्तीर्ण गरेका उम्मेदवार नभएमा नेपालभित्रका अन्य विद्यालयबाट माध्यमिक तहको कक्षा दशको अन्त्यमा हुने परीक्षा उत्तीर्ण गरेका सोही समुदायका उम्मेदवारलाई छनौट गरिनेछ ।

(३) बुँदा (१) को (क) बमोजिम महिलाका लागि छुट्याइएको तेत्तीस प्रतिशत सिटमध्ये तीन प्रतिशत सिट दलित समुदायका महिला र दुई प्रतिशत सिट मुस्लिम समुदायका महिलाका लागि व्यवस्था गरिएको छ ।

(४) बुँदा (१) को (ङ) बमोजिम मधेशी समुदायका लागि छुट्याइने बाह्र प्रतिशत सिटमध्ये तीन प्रतिशत मधेशी दलित समुदायका व्यक्तिका लागि व्यवस्था गरिएको छ ।

नेपाल सरकार
# चिकित्सा शिक्षा आयोग
(परीक्षा निर्देशनालय)

☎ ०१-६६३९४१४, ६६३९४१५, ६६३९४१६
एक्स्टेन्सन : ३३, ३४, ३५
वेबसाइट : www.mec.gov.np
इमेल: entrance@mec.gov.np

पत्र संख्या :-
चलानी नं. :-
सानोठिमी, भक्तपुर ।

(५) दलित समुदायका महिला र मुस्लिम समुदायका महिलाका लागि छुट्याइएको सिटमा सम्बन्धित समुदायका महिला उपलब्ध नभएमा त्यस्तो सिटमा आरक्षित अन्य समुदायका महिलालाई छनौट गरिनेछ ।

(६) मधेशी दलित समुदायका लागि छुट्याइएको सिटमा सम्बन्धित समुदायका व्यक्तिहरू उपलब्ध नभएमा त्यस्तो सिटमा मधेशी समुदायका अन्य उम्मेदवारलाई छनौट गरिनेछ।

(७) कुनै समूहका लागि छुट्याइएको सिटमा सो समूहको उम्मेदवार प्रवेश परीक्षामा सफल हुन नसकेमा त्यस्तो समूहलाई छुट्याइएको सिट उल्लिखित बुँदा (५) र (६) को प्रक्रिया पश्चात खुला समूहमा परिणत गरिने छ ।

७. <u>सिफारिस पेश गर्नुपर्ने</u> :- आरक्षित समूहमा उम्मेदवार हुन चाहने व्यक्तिले आफू सो समूहको भएको व्यहोरा प्रमाणित हुने गरी देहायका निकायबाट सिफारिस गराई अनलाइन आवेदनसाथ पेश गर्नु पर्नेछ :-

(१) शहिदका परिवार, बेपत्ता पारिएका व्यक्तिका परिवार, घाइते योद्धाहरूको परिवार र द्वन्द्व पीडित समूहका व्यक्तिले सम्बन्धित जिल्ला प्रशासन कार्यालयबाट प्रदान गरिएको प्रमाण

(२) अपाङ्गता भएका व्यक्ति, दलित, आदिवासी जनजाति, खस आर्य, मधेशी, थारू, मुस्लिम र पिछडिएको क्षेत्रका व्यक्तिले सम्बन्धित स्थानीय तहबाट प्रदान गरिएको प्रमाण ।

(३) चिकित्सा शिक्षा आयोगबाट निर्धारित ढाँचामा सामुदायिक विद्यालयमा अध्ययन गरेको व्यक्तिले सामुदायिक विद्यालयमा अध्ययन गरेको पुष्टि हुने सम्बन्धित विद्यालयका प्रधानाध्यापकले प्रमाणित गरेको फाराममा स्थानीय तहको शिक्षा शाखा प्रमुखबाट प्रमाणित गरिएको प्रमाण ।

(४) पिछडिएको क्षेत्रका व्यक्तिले सम्बन्धित स्थानीय तहको सिफारिस पेश गर्दा दरखास्त दिंदाका बखत निज सोही स्थानमा स्थायी बसोबास गरेको भनी प्रमाणित गरेको हुनुपर्नेछ र त्यस्तो व्यक्तिले सम्बन्धित जिल्लाबाट प्राप्त गरेको नेपाली नागरिकताको प्रमाण ।

(५) घाइते वा अपाङ्गता भएका व्यक्तिले आवश्यक अन्य सिफारिसको अतिरिक्त नेपाल मेडिकल काउन्सिलमा दर्ता भएको प्रमाणपत्र प्राप्त चिकित्सकबाट निज उम्मेदवार सो विषय अध्ययन गर्न सक्षम भएको व्यहोरा सहितको सिफारिश पत्र दरखास्त साथ पेश गर्नु पर्नेछ ।

०१-६६३९४१४
६६३९४१५
६६३९४१६
एक्स्टेन्सन : ३३, ३४, ३५
वेबसाइट : www.mec.gov.np
इमेल: entrance@mec.gov.np
सानोठिमी, भक्तपुर ।

पत्र संख्या :-
चलानी नं. :-

८. **कबुलियतनामा** :- छात्रवृत्तिमा छनौट हुने विद्यार्थीले भर्ना गर्दा राष्ट्रिय चिकित्सा शिक्षा नियमावली, २०७७ (संशोधनसहित) को अनुसूची - ६ बमोजिमको ढाँचामा कबुलियतनामा गर्नुपर्ने छ ।

९. **प्रवेशपत्रसम्बन्धी व्यवस्था** :- प्रवेश परीक्षा हुने पाँचदिन अघिदेखि प्रवेशपत्र प्रिन्ट गर्ने बटन (**Print Admit Card** button) मा क्लिक (click) गरी त्यहाँ माग गरिएको विवरणहरू (आफ्नो नाम, जन्म मिति, शैक्षिक कार्यक्रम, भौचर नम्बर) भरी परीक्षार्थी स्वयमले प्रवेशपत्र प्रिन्ट गर्नु पर्नेछ । परीक्षा केन्द्रसम्बन्धी विवरण प्रवेशपत्रमा उल्लेख गरिएको हुनेछ ।

१०. **प्रवेश परीक्षा सञ्चालनसम्बन्धी व्यवस्था** :-

(१) प्रवेशपरीक्षा दिन आउँदा प्रवेशपत्र र आवेदन फाराम साथ पेश गरेको परिचयपत्र (नेपाली नागरिकको हकमा राष्ट्रिय परिचयपत्र र सक्कल नागरिकता एवम् विदेशी नागरिकको हकमा पासपोर्ट/आधार कार्ड) अनिवार्य रूपमा ल्याउनु पर्नेछ । उक्त कागजातहरूको फोटोकपिलाई मान्यता दिनइने छैन । उल्लिखित कागजातहरू नल्याउने परीक्षार्थीलाई परीक्षामा सामेल गराइने छैन ।

(२) प्रत्येक परीक्षार्थीको आवश्यक सुरक्षा जाँच गरिने हुँदा परिक्षार्थीहरू परीक्षा शुरु हुनुभन्दा दुई घण्टा अगावै परीक्षा केन्द्रमा उपस्थित हुनुपर्नेछ । परीक्षार्थीको आवश्यक सुरक्षा जाँच परीक्षा केन्द्रभित्र प्रवेश गर्नुभन्दा अघि र पछि पनि गर्न सकिनेछ ।

(३) परीक्षार्थीको कान तथा चश्मा पनि जाँच गर्न सकिनेछ । पावर चश्मा बाहेक अन्य कुनै खालको चश्मा लगाउन पाइने छैन ।

(४) परीक्षार्थीहरूले क्यालकुलेटर, पेजर, मोबाइल फोन, ब्लूटुथ, आइप्याड, ट्याबलेट लगायत अन्य कुनैपनि विद्युतीय उपकरण तथा ब्याग, वालेट, पर्स तथा घडी लगायतका कुनैपनि सामग्रीहरू परीक्षा केन्द्रमा लैजान पाइने छैन । साथै परीक्षार्थीले कुनैपनि गर गहना समेत लगाउन पाइने छैन ।

(५) प्रवेशपरीक्षा शुरु भएको १५ मिनेटपछि आउने परीक्षार्थीलाई परीक्षा हलमा प्रवेश गर्न दिइने छैन ।

(६) परीक्षार्थीलाई आवश्यक पर्ने कलम (pen) परीक्षा हलमा उपलब्ध गराइनेछ र सोही कलम प्रयोग गरी परीक्षा दिनुपर्ने छ ।

☎ ०१-६६३९४१४
६६३९४१५
६६३९४१६
एक्स्टेन्सन : ३३, ३४, ३५
वेबसाइट : www.mec.gov.np
इमेल: entrance@mec.gov.np
सानोठिमी, भक्तपुर ।

पत्र संख्या :-
चलानी नं. :-

(७) उत्तरपुस्तिका (OMR sheet) मा आफूलाई सही लागेको उत्तरको गोलो घेरा (bubble) भित्र दिइएको कलमले पुरै पोत्नु पर्दछ । लेखिसकेको उत्तर सच्याउन तथा टिपेक्स जस्ता करेक्टिङ मसीहरू प्रयोग गर्न पाइने छैन । खुर्केको, केरमेट गरेको, च्यातिएको उत्तरहरूको कुनै अङ्क प्राप्त हुने छैन ।

(८) निर्धारित तीन घण्टा समय समाप्त भएपछि मात्र परीक्षार्थीलाई परीक्षा हलबाट बाहिर जान दिइनेछ ।

(९) नक्कली परीक्षार्थी खडा गरी परीक्षा दिएमा वा दिन प्रयास गरिएमा त्यस्ता परीक्षार्थीको परीक्षा रद्द गरी कानुनी कार्यवाही गरिनेछ ।

११. <u>नतिजा प्रकाशन तथा भर्ना प्रक्रिया</u> :-

(१) प्रवेश परीक्षाको नतिजा प्रकाशन पश्चात अनलाइन प्रणाली मार्फत शैक्षिक संस्था/कार्यक्रमको प्राथमिकता निर्धारण गर्न (online priority setting) का लागि सूचना प्रकाशित गरिने छ । प्राथमिकता निर्धारण नगर्ने उम्मेदवारलाई समापन म्याचिङ (wrap-up matching) बाहेक अन्य म्याचिङ प्रणालीमा समावेश गरिने छैन ।

(२) उम्मेदवार स्वयमले अनलाइन प्रणाली मार्फत तोकिएको समयमा निर्धारण गरेको प्राथमिकता साथै आरक्षण समूह र शैक्षिक संस्थामा उपलब्ध सिट बमोजिम उम्मेदवारको योग्यताक्रम बमोजिम **चिकित्सा शिक्षा एकीकृत प्रवेश परीक्षा तथा विद्यार्थी भर्ना सम्बन्धी कार्यविधि २०७९** को आधार र प्रक्रिया पूरा गरी आयोगको वेबसाइटमा भर्ना सूची प्रकाशित गरिनेछ ।

(३) प्रवेश परीक्षामा सफल भई छनौट भएका परीक्षार्थीहरूले भर्ना हुने समयमा देहाय बमोजिमका कागजातहरू सक्कलै र सोको एकएक प्रति फोटोकपी अनिवार्य रूपले सम्बन्धित विश्वविद्यालय वा प्रतिष्ठानमा अनिवार्य रूपमा पेश गर्नु पर्नेछ ।

(क) प्रवेशिका परीक्षा (SLC) वा एसईई (SEE) वा सो सरहको लब्धाङ्कपत्र, प्रवीणता प्रमाणपत्र तह वा कक्षा १२ को शैक्षिक योग्यताका प्रमाणपत्र, ट्रान्सक्रिप्ट र चारित्रिक प्रमाणपत्र ।

(ख) नेपाली नागरिकको हकमा राष्ट्रिय परिचयपत्र र नागरिकताको **प्रमाणपत्र** तथा विदेशी विद्यार्थीको हकमा राहदानी वा आधार कार्ड ।

नेपाल सरकार
चिकित्सा शिक्षा आयोग
(परीक्षा निर्देशनालय)

☎ ०१-६६३९४१४, ६६३९४१५, ६६३९४१६
एक्स्टेन्सन : ३३, ३४, ३५
वेबसाइट : www.mec.gov.np
इमेल: entrance@mec.gov.np
सानोठिमी, भक्तपुर ।

पत्र संख्या :-
चलानी नं. :-

(ग) विदेशी शिक्षण संस्थाबाट उपाधी हासिल गर्ने नेपाली उम्मेदवारहरूले समकक्षता प्रमाणपत्र (equivalence certificate) र माइग्रेसन प्रमाणपत्र । विदेशी विद्यार्थीका हकमा भने यो बुँदा लागू हुने छैन ।

(४) कुनै उम्मेदवारले प्रवेश परीक्षा र भर्ना प्रक्रियामा झुठो विवरण पेश गरी भर्ना भएको रहेछ भने कुनै पनि समयमा चिकित्सा शिक्षा आयोगले भर्ना खारेज गर्न सक्नेछ ।

१२. <u>अनलाइन आवेदन फाराम भर्ने पोर्टलको क्युआर कोड</u> :-

आयोगको अनलाइन परीक्षा आवेदन फाराम भर्ने वेबपोर्टल https://entrance.mec.gov.np मा देहायको क्युआर कोड स्क्यान गरेर पनि लगइन गर्न सकिनेछ ।

सदस्यसचिव
एकीकृत प्रवेश परीक्षा समिति